**प्रशासन**, सार्वजनिक प्रशासन सम्बन्धी पत्रिका
वर्ष ३८, अंक २, पूर्णाङ्क १०५, फाल्गुण २०६३

# शान्ति-सुरक्षा, सुरक्षा संयन्त्र र द्वन्द



✍ प्रदीपकुमार कोईराला*

## कार्यकारी सारांश

*सुरक्षा संयन्त्रको माध्यमवाट शान्ति व्यवस्था कायम गर्ने राज्य व्यवस्थाको प्रमुख ध्येय हुन्छ । सुरक्षा प्रदान गरी शान्ति कायम गर्न सकेको र जनताले शान्तिको अनुभूति गरेको कुरालाई कुनै पनि राज्य संयन्त्रको उपलब्धिको रुपमा लिन सकिन्छ । विगतमा यस ध्येयलाई बढी महत्व दिई नागरिक प्रशासन (Civil Administration) को अवधारणालाई पाखा लगाउने (Uhder-Estimate) काम गरी सेनाको नेतृत्वमा एकीकृत सुरक्षा व्यवस्था (Unified Command) को अवधारणा अनुरुप राजनैतिक समस्याको प्रशासनिक समाधान खोजियो, जुन सर्वथा समयको प्रभाव संगै गलत सावित भयो । विचार (Ideology) ले शान्ति व्यवस्था खलवल्याएमा त्यसको राजनैतिक समाधान (Political Solution) खोज्नु पर्ने हुन्छ भने अरु असमाजिक कियाकलाप (Unsocial Unrest) को कारणले शान्ति व्यवस्था खलबल्याएको हो भने प्रशासनिक समाधान (Administrative Solution) खोजिनु पर्छ । विगतको नेपालको द्वन्द राजनैतिक प्रकृतिको रहेको कुरा अहिले आएर पुष्टि भएको छ । यो समाधान हुन लागेको द्वन्द पछि अरु धेरै द्वन्दहरू लाइन (Queue) लागेर वसेका छन् । राष्ट्र यस्तै लाइन लागेर वसेको जातीय, धार्मिक, क्षेत्रीय, आर्थिक वर्गिय जस्ता द्वन्दहरूमा फस्दै जाने संभावना देखिएको छ, यसले गर्दा राज्यको विखण्डन र विलय हुन धेरै समय लाग्दैन । द्वन्दको पहिचान (Diagnosis) र उपचार उपयुक्त तरीकावाट वेलैमा गरिएन भने भोली मानवीय प्रकोप पनि आउन सक्छ । यो शान्ति सुरक्षाको समस्या मात्र नभई राज्यको अस्तित्वको मुद्दा हो ।*

*यी विषयहरूमा सुरक्षा संयन्त्र र सुरक्षा निकाय भनेको वल प्रयोग गर्ने निकाय मात्र होइन, विषय वस्तुको गाम्भिर्यतालाई बुझि परिस्थिति अनुसार तार्किक कदम चाल्न सक्ने निकाय हो भन्ने अनुभूति जनतालाई दिन नयां पुस्ताका राजनैतिक नेता, प्रशासक र सुरक्षा निकायका प्रमुखहरूवाट वुद्धिमतापूर्ण र दूरदर्शिता चाहिएको छ । यस लेखमा द्वन्दको स्थिति र भविष्यपरक द्वन्द समेतलाई विचार गरी सुरक्षा र सुरक्षा संयन्त्रको माध्यमवाट हासिल गर्न खोजिएको शान्तिको प्रयास, वर्तमान सुरक्षा संयन्त्रमा देखिएका त्रुटिहरू र यसका आयामहरूलाई नेपालको सन्दर्भ समेतका आधारमा प्रकाश पार्न खोजिएको छ । निम्न विषयहरू जस्तो - शान्ति र सुरक्षा, सुरक्षा अवधारण र संयन्त्र, सुरक्षा संयन्त्रहरू, नेपालमा सुरक्षा व्यवस्था विगत र हाल, सुरक्षा र सुरक्षा व्यवस्थाको छवि, शान्ति-सुरक्षाको गलत प्रयोग, व्यवहारिक धरातलमा सुरक्षा निकायहरूका साथै विगतका र आउने द्वन्दहरू, द्वन्दका प्रकृति र रणनीति तथा विषय वस्तुको गाम्भिर्यता जस्ता विषयहरू यस लेखमा समेटिएका छन् ।*

* प्रमुख जिल्ला अधिकारी, जुम्ला

## १. शान्ति र सुरक्षा (Peace and Security)

राज्य व्यवस्था र जन अकाक्षांका लागि शान्ति लक्ष (Goal) हो र सुरक्षा साधन (Means) हो । अन्य धेरै सामुदायिक माध्यमहरू (Cooperative Means) लगायत सुरक्षाको माध्यम (Security Means) वाट शान्ति हासिल गर्ने कुनै पनि राज्य र शासन व्यवस्थाको प्रयास हुन्छ । वाह्य सुरक्षा व्यवस्थाका लागि सेना र आन्तरिक सुरक्षा व्यवस्थाका लागि प्रहरीहरूको व्यवस्था राज्यले गरेको हुन्छ, जुन नागरिक प्रशासन (Civil Administration) को मातहतमा रहेको हुन्छ । सवैको चाहनाको रुपमा रहेको शान्तिलाई तीन किसिमले वर्गिकरण गर्न सकिन्छ - अल्पकालीन शान्ति, मध्यकालीन शान्ति र दीर्घकालीन शान्ति । सुरक्षाको माध्यमवाट हासिल गर्न खोजिएको शान्तिलाई अल्पकालीन वा मध्यकालीन शान्तिसम्ममा राख्न सकिन्छ, त्यो दीर्घकालीन वनाउन अरु सामूदायिक माध्यमहरूको समेत प्रयोग गर्न पर्ने हुन्छ । साधनको रुपमा रहेको सुरक्षालाई पनि धेरै किसिमले वर्गिकरण गरेको पाईएको छ - सामूदायिक सुरक्षा, पारिवारिक सुरक्षा, स्व-सुरक्षा, राज्यद्धारा प्रदान गरिने सुरक्षा । कुन सुरक्षा संयन्त्र (Security Mechanism) प्रयोग गरेर कस्तो किसिमको शान्ति हासिल गर्न खोजिएको हो, यो व्यवहारिक अन्ततीकरण र शान्ति चाहने वर्गहरूको चेतानाको स्तर (Level of Needy Group) मा भर पर्दछ । शान्तिका लागि साधनको रुपमा रहेको सुरक्षालाई विश्लेषणगर्दा यसका दुईवटा आयामहरू देखिन्छन् ।

१. सुरक्षा अवधारण (Security Concept) र

२. सुरक्षा संयन्त्र (Security Mechanism)

## २. सुरक्षा अवधारण र संयन्त्र (Security Concept and Mechanism)

राज्य स्थापनाको अवधारणा सगैं सरकारले गर्ने परम्परागत कार्यलाई प्रारम्भिक सुरक्षा अवधारणाको रुपमा लिन सकिन्छ । प्रारम्भमा सुरक्षा प्रदान गर्ने सरकारको एक मात्र काम थियो र यसका लागि चाहिने खर्च उठाउनका लागि राजश्व संकलन गर्ने दोस्रो चरणको काम थियो । यसको प्रमाण स्वरुप नेपालमै लिच्छवी र मल्ल कालका उदाहरणहरू हेरे पुग्छ । सरकारले जनताको जिउ धनको सुरक्षा गर्छ र यस्तो सुरक्षा केही समयको लागि मात्र नभएर दिनको चौविसै घण्टा र वर्षको बावन्नै हप्ता गर्छ । मानिस गर्भमा आए देखि चिहानमा गए सम्म र अफ्न चिहानको पनि सुरक्षा सरकारले गर्छ भन्ने अवधारण राखिएको हुन्छ । यस अवधारणामा सुरक्षाको कुनै समय र सीमा राखिएको हुंदैन । सुरक्षा पाउनेले पनि सुरक्षा पाएको अनुभूति गर्न पर्छ र सुरक्षाको अनूभुति गराउन सरकारले सकेन भने त्यो सरकारको कमजोरी ठहर्छ ।

सुरक्षा संयन्त्र (Security Mechanism) लाई एउटा प्रणाली अन्तर्गत राखेर लगानी, प्रकृया र प्रतिफल (Input-Process-Output) को आधारमा विश्लेषण गरिन्छ । सुरक्षामा को को संलग्न छन्, के कस्तो सुरक्षाका साधनहरू दिइएको छ, सुरक्षा प्रदान गर्ने नियमहरू कस्तो वनाइएको छ र बाहिरी वातावरणले ती कर्ताहरू, साधनहरू र निर्देशनलाई कार्यरुप कसरी वनाएको छ भन्ने जस्ता कुराहरू प्रथम तहमा हेरिन्छन् । यिनिहरूको घुलन (Assimilation) कस्तो छ र व्यवहारमा कसरी देखिएका छन् भन्ने जस्ता कुराहरू प्रकृया अन्तर्गत हेरिन्छन् भने लक्षित वर्ग र तिनले गरेको अनुभूतिलाई प्रतिफलको रुपमा हेर्न सकिन्छ । यी तत्वहरूको विश्लेषण र हिसाव किताव गणित को जस्तो नभएर समाजिक विज्ञानको जस्तो हुन्छ ।

## ३. सुरक्षा संयन्त्रहरू (Security Mechanisms)

सुरक्षा संयन्त्रलाई विभिन्न तहमा विभाजन गर्न सकिन्छ । स्व-सुरक्षा अर्थात आफ्नो सुरक्षा आफै गर्ने व्यक्तिगत वचाव संयन्त्र (Personnel Defense Mechanism) ले सुरक्षाका लागि अरुवाट आश नगर्ने र आत्मनिर्भर हुने कुरालाई देखाउंछ, जुन अहिलेको अवस्थामा कुनै धनाड्य अथवा ग्यागंस्टारका लागि केही संभव जस्तो भएतापनि एउटा आदर्श कल्पनामात्र हो, साथै यो दीर्घकालीन पनि हुदैन । अर्को संयन्त्र हो - समुदायमा आधारित सुरक्षा प्रणाली (Community-Based Security Mechanism) । यो प्रणाली अहिलेको समयमा लोकप्रिय हुदै गइरहेको पाइएको छ । नेपालमा गरिएको सामुदायिक प्रहरी यसको उदाहरणको रुपमा लिन सकिन्छ । साथै संक्रमणको वेलामा कतिपय समुदायहरूले आफ्नो समुदायको सुरक्षा आफै गरेकोलाई पनि उदाहरणको रुपमा राख्न सकिन्छ । समुदाय सक्षम, योग्य र कर्तव्य परायण भएको खण्डमा यो प्रणाली उपयुक्त हुन्छ अन्यथा प्रत्युत्पादक हुन सक्छ

। साथै यस प्रणालीमा एक समुदाय र अर्को समुदायको बीचमा समन्वय संयन्त्रको विकास गर्न पर्छ, अन्यथा मानवीय-प्रकोप (Human Disaster) पनि यसले श्रृजना गर्न सक्छ ।

विषयगत सुरक्षा प्रणाली (Sector Security Mechanism) पनि अहिले प्रचलनमा आइरहेको छ । उद्योग क्षेत्रका लागि औद्योगिक सुरक्षा प्रणाली, पर्यटन क्षेत्रका लागि पर्यटन प्रहरी, राजमार्गका लागि राजमार्ग गस्ति आदि विषयगत सुरक्षा प्रणलीका उदाहरणहरू हुन । यो विषयगत सुरक्षा प्रणालीका आफ्नै किसिमका गुण र अवगुणहरू छन् ।

विशेषज्ञता हासिल हुने, पेशागतता, विषयगत आदेशमा एकता हुने, नियमहरू कार्यान्वयन र पालनाको स्तर उच्च हुने, कर्मचारीको वृत्ति विकास सहज हुने आदि गुणहरू बिषयगत सुरक्षा प्रणालीका प्रमुख गुणहरू हुन । यस प्रणालीका यस्ता गुणहरू धेरै छन् र यी सवै गुणहरू पेशागतता कै सेरोफेरोमा घुम्छन् भने यस प्रंणालीका धेरै अवगुणहरू पनि छन् र ती सवै अवगुणहरू कमजोर समन्वय संयन्त्र कै सेरोफेरो घुमेको पाइन्छ । यस्तो विषयगत सुरक्षा प्रणालीलाई उचित ध्यान दिई विषयमा दक्ष गराउदै लगियो भने यसका नकारात्मक तत्वहरूलाई सकारात्मक गुणहरूले जित्दै जान सक्छ ।

सुरक्षामा निजीकरणको अवधारणा हालै विकास भएको अवधारणा मानिन्छ । यस अन्तर्गत नेपालमा निजी सुरक्षा कम्पनीहरू धमाधम खुले र खुल्दै छन् । वेलायतमा मार्गगेट थ्याचरले प्रयोगमा ल्याएको थ्याचरिज्म र नयां व्यवस्थापनको अवधारणा (NPM) ले सैद्धान्तिकरुपमा पुष्ट वनाएको यो सुरक्षा प्रणाली नेपालमा सैतालिस पछिका सालमा भित्रिएको पाइन्छ । यसलाई प्रायशः निजी वैक र र फाइनान्स कम्पनिहरूले प्रयोगमा ल्याएको देखिन्छ । अमेरिकामा भएको सेप्टेम्वर एघारको घटनाले सुरक्षामा निजीकरणको अवधारणालाई केही धक्का पु-याएको र एयरपोर्ट तथा महत्वपूर्ण भवनहरूको सुरक्षा सरकारले निजीक्षेत्रवाट फिर्ता लिएको भए तापनि नेपालमा त्यस किसिमको धक्का महशूश अहिलेसम्म गरिएको छैन । भूतपूर्व सेना तथा भूतपूर्व प्रहरीहरूको वाहुल्यता निजी सुरक्षा प्रणालीमा भएको हुनाले पनि त्यस्तो पुनः विचार गर्नु पर्ने अवस्था नआएको पनि हुन सक्छ । सुरक्षामा निजीकरणको अवधारणालाई सकारात्मक रुपमा ग्रहण गर्दानै राम्रो हुने कुरा अहिलेको प्रयोगहरू वाट देखिएको छ तर यसको तह, तप्का र क्षेत्र निश्चित गरिनु पर्छ ।

## ४. नेपालमा सुरक्षा व्यवस्था विगत र हाल

नेपालमा सुरक्षा व्यवस्था नेपालको अन्तरिम सम्विधान २०६३ लगायत स्थानीय प्रशासन ऐन २०२८, प्रहरी ऐन २०१२, सरकारी मुद्दा सम्वन्धी ऐन २०४९, सार्वजनिक सुरक्षा ऐन २०४६, जासूसी ऐन २०१८, कारागार ऐन २०१९, हातहतियार खरखजाना ऐन २०१९, केही सार्वजनिक ( अपराध र सजाय ) ऐन २०२७, कालो वजार तथा केही अन्य समाजिक अपराध तथा सजाय ऐन २०३२, वाक तथा प्रकाशन स्वतन्त्रता ऐन २०३७, विध्वंसात्मक अपराध ( विशेष नियन्त्रण तथा सजाय ) ऐन २०४२ जस्ता विभिन्न ऐनहरू र अन्य कतिपय नियम र नियमावलीहरूले निर्देशित गर्ने गरेको पाइएको छ । यी सवै ऐन कानूनहरू उत्तिकै महत्वका भएता पनि पालनको स्तर भने तह, तप्का र सम्पर्क अनुसार फरक फरक भएको पाइएको छ ।

नेपालको केन्द्रीय सुरक्षा व्यवस्थामा प्रधानमन्त्रीको अध्यक्षतामा केन्द्रीय सुरक्षा समिति, क्षेत्रीय प्रशासकको अध्यक्षतामा क्षेत्रीय सुरक्षा समिति र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सुरक्षा समिति रहने व्यवस्था गरिएको छ । यी समितिहरूले अहिले प्रभावकारी रुपमा काम गरिरहेका पनि छन् । यद्यपि विगत तानाशाही राज्य व्यवस्थामा यी समितिहरूलाई निस्कृय वनाई एकिकृत सुरक्षा व्यवस्थाको अवधारणा अनुरुप भनि प्रत्येक तह र तप्कामा तत्कालीन शाही नेपाली सेनालाई सुरक्षा व्यवस्थाको नेतृत्व गर्ने जिम्मेवारी दिईएको थियो, जुन नागरिक प्रशासनको प्रत्यक्ष विरुद्धका कुरा थियो । कार्यतहमा प्रहरी र सेनाका जुनसुकै तह र पदका अधिकारीहरू भए पनि निजामती तर्फका व्यक्तिको आदेश अनुसार तिनिहरूले काम गर्नु पर्छ भन्ने अवधारणालाई सुरक्षाका सम्वन्धमा नागरिक प्रशासनको अवधारणा भनिन्छ । यो अवधारणालाई विगतमा पालना नगरिएको कारणले पनि जनताको सुरक्षा निकायहरू प्रतिको धारणामा नकारात्मक असर पर्न गयो ।

## ५. सुरक्षा र सुरक्षा व्यवस्थाको छवि (Image Setback)

प्रहरी, प्रशासन र सेनाको छवि जनतामा राम्रो छैन । आचरण र कार्य प्रणालीको समस्या यस्तो छवि विग्रनुको पहिलो कारण हुन सक्छ । तर शासन व्यवस्थासंगको अति-सामिप्यतालाई महत्वपूर्ण कारणको रुपमा लिन पर्ने हुन्छ । विगतमा राणाहरूले आफ्नो राणा शासन बचाउन र आफ्ना शौखहरू पुरा गर्नका लागि जसरी त्यस वेलाको सेना र प्रहरीलाई प्रयोग गरे, पंचायतका शासकहरूले त्यही परम्परा दोहो-याए । यो क्रम सैतालिस पछिका सत्ताधारीहरूले पनि प्रयोग गर्ने प्रयास गरे र राजाको एकतन्त्रिय शासनमा यसको पराकाष्ठता देखाइयो । जनताले सेना, प्रहरी र प्रशासनलाई शासकहरूको मतियारको रुपमा मात्र देखेका छन् । विगतमा सेनाले कुनै व्यक्ति विशेष प्रति जुन वफादारी देखायो, त्यो वफादारी अव नेपाली जनता प्रति देखाउनु जरुरी छ, भने प्रहरी पनि जनतालाई समस्यामा अल्फाउन हैन कि समस्यावाट मुक्ति दिलाउन वनेको संयन्त्र हो भन्ने देखाउनु जरुरी भइ सकेको छ । प्रशासन व्यक्तिले चलाउने हैन, नीतिले चलाउंछ भन्ने अवधारणा अहिलेका नयां पुस्तामा धेरै प्रशासकहरूमा आइ सकेको भएता पनि केही गम्भिर समस्याहरू अझै छन् । म्याक्स वेवरको प्रशासनिक अवधारणालाई हाम्रा विगतका शासकहरूले वुई चढेका कारणले पनि यस्ता समस्याहरू आइरहेका हुन ।

## ६. शान्ति-सुरक्षाको गलत प्रयोग (Immoral Interpretation) :

विगतका शासकहरूले सुरक्षाका विषयलाई गलत तरिकाले प्रयोग गरेको समेत पाइएको छ । शान्ति चाहियो कि विकास भनेर समेत सोधियो । शान्ति प्रदान गर्ने नाममा विकासलाई केही समय थातिं राख्ने प्रयासहरू पनि भए । विकासमा लगाउनु पर्ने रकमहरू शान्तिको नाममा सुरक्षामा लगाइए । सुरक्षा वलियो पारी शान्ति कायम गर्ने नाममा प्रजातन्त्रमाथि प्रहार समेत भयो । शान्ति चाहिन्छ कि प्रजातन्त्र भनेर समेत जनतासंग सोधियो । सुरक्षा व्यवस्थालाई यस्तो गोलमटोल पारी जनतालाई दिग्भ्रभित पार्ने विगतका प्रयासहरूले पनि जनतामा प्रहरी, प्रशासन र सेनाको छवि विग्रेको हो । शान्ति, प्रजातन्त्र र विकास सगैं जान सक्दैन भनेर जनतालाई सम्झाउन सकिन्छ भनेर सोचाई राख्नु त्यस वेलाका शासकहरूको कमजोरीको रुपमा लिन सकिन्छ, भने त्यो कमजोरीका कारणले अहिलेका शासकहरूलाई आफ्नो छवि सुधार गर्न गाह्रो परिरहेको परिस्थिति छ ।

## ७. व्यवहारिक धरातलमा सुरक्षा निकायहरू (Ground Reality) :

असमाजिक तत्वहरूवाट समाजलाई बचाउने र अराष्ट्रिय तत्वहरूवाट राष्ट्रलाई जोगाउने समग्र दायित्व सुरक्षा संयन्त्रलाई र जिल्ला जिल्लाहरूमा सुरक्षा व्यवस्था कायम राख्ने पूर्ण दायित्व र जिम्मेवारी प्रचलित कानूनहरूले प्रमुख जिल्ला अधिकारीहरूलाई दिएको हुन्छ । जिल्लामा रहने अरु सम्पूर्ण सुरक्षा अगंहरू (प्रहरी, सेना, शसस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान) प्रजिअको सहयोगीको रुपमा जिल्लामा काम गर्ने अवधारणा ऐन तथा कानूनहरूको रहेको देखिन्छ । तर व्यवहारमा यो हुन सकेको छैन । जिल्लामा प्रहरी र रा.अ. केही हद सम्म प्रजिअप्रति उत्तरदायी देखिएता पनि शसस्त्र प्रहरी र सेना प्रजिअले परिचालन गर्न सक्दैन । तिनिहरू आ-आफ्नो तालुक कार्यालयहरूवाट परिचालित हुदै आइरहेका छन् । अझ सेनाको हकमा धेरैले आफूलाई समयानुकुल सुधार गरिसकेका छन् भने जिल्ला तहका केही पदाधिकारीहरूमा आफूलाई भिन्न अस्तित्वको ठान्ने विगतको धङधडी कायम रहेको देखिन्छ ।

जिम्मेवारी र कर्तव्य प्रशस्त भएको तर अधिकार र साधन स्रोत अत्यन्त सीमित भएको पद हो प्रजिअको पद; माथि सुट र तल हाफ-पेन्ट लगाएको जस्तो प्रजिअको छायांवाट जिल्लाको सुरक्षा व्यवस्था अहिले सम्म चलिरहेको अवस्था छ । अधिकार तर्फ हेर्दा जनपद प्रहरी प्रजिअ प्रति जिम्मेवार नै रहेको पाइन्छ किनभने तिनिहरूको सरुवा-वढुवा जस्ता कर्मचारी प्रशासनका कुराहरू गृह मन्त्रालयवाट निस्कन्छ । अरु निकायहरूको पदाधिकारीहरूको हकमा यस्तो व्यवस्था नगरिएकोले नागरिक प्रशासनको अवधारणामा गम्भिर समस्याहरू देखिएका छन् । प्रजिअलाई नागरिक प्रशासनको अवधारणा अनुरुप जिल्ला तहको सवै किसिमको सुरक्षा व्यवस्थाका सम्वन्धमा जिम्मेवार वनाई सवै सुरक्षा अंगहरूको प्रमुख वनाइनुका अतिरिक्त देहायका केही व्यवस्थाहरू गर्न पर्ने उपयुक्त देखिन्छ ।

- जनपद प्रहरीको नेकिवदी र गोप्य प्रतिवेदन प्रजिअले गृह मन्त्रालयमा नियमितरुपमा पठाउने वाध्यकारी व्यवस्था हुन जरुरी छ ।
- अंचल प्रशासन कार्यालयहरू खारेज भइसकेको अवस्थामा अंचल प्रहरी कार्यालयहरू राखिराख्न औचित्यपूर्ण देखिदैन । अंचल प्रहरी प्रमुखको आफ्नो तहको नागरिक प्रशासक छैन । क्षेत्रीय प्रहरी प्रमुख क्षेत्रीय प्रशासक प्रति जिम्मेवार हुन्छ, जिल्ला प्रहरी प्रमुख प्रजिअ प्रति जिम्मेवार हुन्छ तर अंचल प्रहरी प्रमुख को प्रति जिम्मेवार हुने, अहिले यो दोधारको अवस्था छ । अंचल प्रहरी कार्यालयहरू तुरुन्त खारेज गरी सो को जनशक्ति जिल्ला प्रहरीमा थप्न पर्छ ।
- जिल्लामा राष्ट्रिय अनुसन्धानको कार्यालय उपेक्षित र साधन स्रोत वीहिन अत्यन्त नाजुक अवस्थामा छ । प्रजिअको आंखा र कानको रुपमा भूमिका खेल्न पर्ने यो निकायलाई शशक्त वनाउन अति आवश्यक छ ।
- हालै मात्र संशोधन भएको सैनिक ऐनमा जिल्लामा सेनाको परिचालनका लागि स्थानीय प्रशाासनलाई जिम्मेवार वनाइने भनिएको भएता पनि त्यसको तौर-तरिका नआइ सकेको कारणले अन्यौलको अवस्था छ, जुन यथाशिध्र आउनु पर्छ । सीमा सुरक्षा तथा वाह्य तनावका विषयहरूमा सेनाको प्रयोग गरिने अवधारणा अनुरुप सेनाको परिचालनमा प्रजिअलाई संलग्नता विगतमा नगराईएको हो, तर यदि सेनाको परिचालन आन्तरिक विषयहरूमा गरिन्छ, प्रजिअलाई जिम्मेवार वनाइनै पर्छ ।
- शसस्त्र प्रहरीको परिचालन, तिनिहरूको नेकिवदी लगायतका सम्पूर्ण कुराहरूमा प्रजिअलाई अधिकार दिई प्रजिअलाई जिम्मेवार वनाउनु पर्छ ।
- प्रजिअका सहयोगि सुरक्षा निकायहरू र प्रजिअ वीच एउटा अवधारणात्मक त्रुटि रहेको पाइएको छ । ऐन कानूनहरू र गृह मन्त्रालयको वुझाईमा प्रजिअको पद र तहको आधारमा उसको अधिकार, जिम्मेवारी र कर्तव्य कम र वढी हुदैन, चाहे त्यो उप-सचिव स्तरको वा सह-सचिव स्तरको प्रजिअ होस् । तर प्रहरी र सेनाका अधिकारीहरूको वुझाई फरक छ । उनिहरू प्रजिअलाई उसको पद र तह अनुसार व्यवहार गर्ने गर्छन । यस्तो किसिमको आ-आफ्नो वुझाईले समन्वयमा समस्या आइरहेको अवस्था छ, जुन यथासक्य छिटो निरुपण गरिनु पर्छ ।
- प्रजिअले जिल्लामा शान्ति सुरक्षा कायम गर्ने सिलसिलामा जिम्मेवारीपूर्ण काम गर्दा ठूलो सजाय र केही कामै नगरी जागिरमात्र पकाउंदा सानो सजाय पाउने अवस्था बाहिरी वातावरण (Surroundings) ले वनाएकोछ । विध्वंसात्मक कार्यमा संलग्न व्यक्तिहरूलाई गोलि हान्ने आदेश दिएको खण्डमा उ मानव अधिकारको हनन् वा यस्तै केही ज्यानमारा केशहरूमा पर्न सक्छ, किनभने यहां त्यस्ता विध्वंसात्मक कार्यहरू राजनैतिक एजेण्डाको आडमा हुने गर्छन् । विध्वसात्मक कार्य हुन दिएको खण्डमा वा त्यस्तो कार्यमा वास्ता नगरेको अवस्थामा उ असक्षमताको आरोपमा त्यो ठाउंवाट हटाइने वा दुर्गम क्षेत्रहरूमा सरुवाहुने जस्ता सामान्य सजायमा पर्न सक्छ । यस्तो अवस्थामा मानिस आफ्नो स्वभावैले कम सजाय हुने विकल्प रोज्छ । राज्यले सुरक्षा निकायका प्रमुखहरूलाई हलो अडकाएर गोरु कुटे जस्तो गरिरहेको वर्तमान अवस्थामा काम गरे जस्तो मात्र गरेर वा कम काम गरेर आफ्नो कार्यकालमा कम काम गरे वापतको सानो सजाय पाउन पाए मात्र पनि आफूलाई सफल ठान्नु पर्ने अवस्था अहिले छ । यसका लागि तुरुन्त सुरक्षा निकायहरूको मनोवैज्ञानिक उपचार र नैतिक उच्च पार्ने खालका कार्यक्रमहरू खोजिनु जरुरी छ ।

## ८. विगतका र आउने द्धन्दहरू (Conflicts)

द्धन्दलाई सधैं नराम्रो रुपमा मात्रै हेर्ने पुरानो अवधारणा हो । कतिपय अथवा धेरै  अवस्थाहरूमा द्धन्दलाई व्यवस्थापन गर्न सकियो भने यसले समाज र राष्ट्रलाई सकारात्मक निकास तर्फ लैजान्छ । द्धन्दलाई अनिवार्य खराव तत्वको रुपमा पनि हेर्ने गरिन्छ, अर्थात आवश्यक पनि हो र राम्ररी व्यवस्थापन गर्न सकिएन भने खराव पनि गर्छ । द्धन्दलाई कुनै एक विद्धानले टि. वि. रोग संग दाजेका छन् । शुरुका अवस्थामा टि.वि. थाहा पाउन गाह्रो हुन्छ तर निको पार्न सजिलो हुन्छ भने  अन्तिम अवस्थामा टि.वि. थाहा पाउन सजिलो हुन्छ तर निको वनाउन गाह्रो हुन्छ । द्धन्द पनि टि.वि रोग जस्तै हो । द्धन्द शुरु हुदांका अवस्थामा द्धन्दका कारण र गाम्भिर्यता

थाहा पाउन गाह्रो हुन्छ तर ध्यान दिइएको खण्डमा समाधान गर्न सजिलो हुन्छ । द्वन्द वढदै गएर ठूलो रुप लिइ सके पछि द्वन्दको कारण र गाम्भिर्यता त थाहा पाउन सकिएला तर समाधान गर्न गाह्रो पर्छ । नेपालमा माओवादीहरूको तत्कालिन विद्रोहलाई वाउन्न साल तिरै गभ्भिरता पूर्वक लिइएको भए राज्यलाई यत्रो धक्कावाट जोगाउन सकिन्थो होला ।

विचार प्रधान द्वन्द जस्तो कि माओवादी आन्दोलन अहिले समाधानको तहहरू उक्लिदैछ । यो द्वन्द समाधान भइ सक्दा नसक्दै नेपालमा अरु धेरै द्वन्दहरू लाइन लागेर बसेका छन् । जातीय द्वन्द, धार्मिक द्वन्द, क्षेत्रीय द्वन्द, आर्थिक-वर्ग द्वन्द जस्ता कतिपय द्वन्दहरू मओवादीहरूको ठूलो घनत्वको वैचारिक द्वन्दको अगाडि ओझेलमा परेका थिए ।

## ९. द्वन्दका प्रकृति र रणनीति

बाहिर आएका द्वन्दहरू समाधान हुदै गए पछि ती लाइन लागेर वसेका द्वन्दहरू व्यापक प्रभाव (Accumulative Effect) का साथ अगाडि आउने छन्, आइरहेका पनि छन् ।

तराईमा र पूर्वीय पहाडहरूमा फैलिएको द्वन्दलाई यसका उदाहरणको रुपमा लिन सकिन्छ । यी द्वन्दहरू राजनैतिक प्रकृतिका हुन वा प्रशासनिक प्रकृतिका हुन, सोही अनुसार समाधानका उपायहरू खोजिनु पर्छ ।

अहिले यो राजनैतिक प्रकृतिको भनिएको द्वन्दलाई प्रशासनिक हिसावले समाधानको प्रयास गर्दा सुरक्षामा संलग्न पदाधिकारीहरूलाई दोधारको अवस्था छ । वल प्रयोग गर्ने वा नगर्ने भन्ने कुरामा अथवा कुद हद सम्मको वल प्रयोग गर्ने भन्ने जस्ता विषयहरूमा मन्त्रालय लगायत सवै तहले स्पष्ट आदेश दिन सकेको छैन । विगतमा नेपालगंजमा भएको द्वन्दमा सुरक्षा निकाय निष्क्रिय रहेको पनि यही दोधारे रणानीतिको कारणले हो, यो केशमा सुरक्षा निकायले कुनै व्यक्ति वा वर्गलाई सघाएको नभै आदेशमा एकता नभएका कारणले अलमल भएको हो । नेपालगंजको द्वन्दलाई राजनैतिक प्रकृतिको ठानेर सुरक्षा निकायका उच्च पदाधिकारीहरूले राजनैतिक पहल गर्न तर्फ लागे, जवकी यसले गैर राजनैतिक चरित्र लियो र सुरक्षाको रणनीति असफल भयो । समस्याको सहि र समयमै गरिएको विश्लेषणलाई आधा समाधान भनिएको यसै कारणले हुन सक्छ । अतः यी अहिले लाईन लागेर वसेका द्वन्दहरू सम्वन्धमा शुरुकै अवस्थाहरू भएका हुदां समाधानका लागि तुलनात्मक रुपमा केहि सजिलो पर्न सक्छ, समय ढल्किदै जांदा राष्ट्र नकारात्मकता तिर जान्छ सक्छ ।

## १०. गाम्भिर्यता

प्रशासकहरूको सुझवुझ र गम्भिर्यताको अव परीक्षण हुने वेला आएको छ । अव पहिलेको जस्तो दोष लगाउने कुनै एकतन्त्रिय नेताको छायां पनि छैन । यी लाइन लागेर वसेका द्वन्दहरूका सम्वन्धमा अहिले कारण र गहनता थाहा पाउन गाह्रो होला तर समाधान गर्न खोजिएको खण्डमा सजिलो हुन सक्छ, तर पछि द्वन्द व्यापक रुपमा फैलिए पछि टि.वि रोग जस्तै समाधान गर्न गाह्रो पर्छ । यी द्वन्दहरूलाई सुरक्षाको माध्यमवाट मात्र समाधान गर्न खोजिएको खण्डमा फेरी प्रकोप हुन सक्दैन भन्न सकिन्न । राजनैतिक समस्याको प्रशासनिक समाधान खोजिनु हुदैन । यी समस्याहरूको प्रशासनिक समाधानले अल्पकालीन वा मध्ममकालीन शान्ति त ल्याउला तर स्थायी तथा दीर्घकालीन समाधान ल्याउदैन । सुरक्षा संयन्त्रमात्रको प्रयोग उपयुक्त समाधानको माध्यम नहुन सक्छ । समस्या राजनैतिक हो कि प्रशासनिक हो, पहिचान राम्रो संग गरी सुझवुझका साथ उपयुक्त समाधान खोजिनु पर्छ । यस क्रममा अवका नयां पुस्ताका राजनैतिक नेता, प्रशासकहरू र सुरक्षा निकायका प्रमुखहरूवाट राज्यले धेरै अपेक्षा गरेको छ ।